# युनियन हाइड्रोपावर कम्पनी लिमिटेड

**बिक्रम सम्बत २०८२ साल पौष २१ गते सोमवारका दिन**
**सिद्धार्थ कटेज, धोबिघाट,ललितपुरमा सम्पन्न भएको**
**१९ औ वार्षिक साधारण सभाको निर्णय पुस्तिका ।**

१. **पृष्ठभूमी**

युनियन हाइड्रोपावर लिमिटेड कम्पनीको १९औ वार्षिक साधारण सभा मिति २०८२/०९/२१ गते तद्अनुसार जनवरी ५, २०२६ का दिन सिदार्थ कटेज, धोविघाट, ललितपुरंमा सम्पन्न भएको थियो । भौतिक तथा प्रविधिको उपयोग गदै बिद्युतिय माध्यम Virtual Zoom द्धारा शेयरधनी महानुभावले साधारण सभामा भाग लिंदा बिद्युतिय माध्यम Virtual Zoom Application तथा भौतिक माध्यमबाट साधारण सभामा भाग लिन सकिने व्यवस्था गरी शेयरधनी महानुभावहरुलाई सोही अनुसार सभामा भाग लिईदिन अनुरोध समेत गरिएको थियो । सञ्चालक समितिका सदस्यहरु कम्पनीको निर्धारण गरेको ललितपुर धोवीघाट स्थीत सिदार्थ कटेजमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो । कम्पनी सचिवले साधारण सभामा सहभागि हुन कम्पनीमा उपस्थित सञ्चालक समितिका अध्यक्ष, संचालक सदस्यहरु, शेयरधनी महानुभावहरु तथा कम्पनीका पदाधिकारीहरु एवं बिद्युतिय माध्यमद्वारा सहभागि भएका शेयरधनी महानुभावहरुलाई यथा स्थानमा आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै सबैलाई उन्नाइसौ वार्षिक साधारण सभामा अध्यक्षज्युले अध्यक्षता गर्नुभएको थियो । अध्यक्षज्यूले आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । तत्पश्चात साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु उपर छलफल गरी निर्णय भएको थियो । साधारण सभा विहान ११:०० बजे शुरु भई निर्धारित बिषय सूची अनुसारका विषयमा छलफल तथा निर्णय गरी समापन भएको थियो ।

(क) **सभाको सूचना तथा प्रकाशन** :

(अ) १९औ वार्षिक साधारण सभाको सूचना,२०८२ साल असार मसान्त सम्मको वासलात,नाफा/( नोक्सान) हिसाब र नगद प्रवाह बिवरण सहितको वार्षिक लेखा परिक्षण प्रतिवेदन कम्पनीको वेभ साइट www.unionhydropower.com.np मा राखिएको बारेमा सबै शेयरधनि महानुभावलाई जानकारी गराइएको थियो ।

(आ) १९औ वार्षिक साधारण सभाको सूचना मिति २०८२/०८/२९ र मिति २०८२/०९/०७ को समाचार पत्र दैनिकमा प्रकाशित गरिएको थियो ।

(ख) **उपस्थिति** :

(अ) **संचालकहरुको उपस्थिति** :

| | |
|---|---|
| श्री रामजी प्रसाद कोइराला | अध्यक्ष |
| श्री अभिज्ञा मल्ल | प्रबन्ध संचालक |
| श्री विष्णु प्रसाद गौतम | संचालक |
| श्री हरि प्रसाद पराजुली | संचालक |
| श्री श्रद्धा पराजुली | संचालक |
| श्री सुदिप खड्का | स्वतन्त्र संचालक |
| श्री गोविन्द प्रसाद आत्रेय | संचालक |

(आ) **शेयरधनिहरुको उपस्थिति** :

| | |
|---|---|
| श्री किरण मल्ल | शेयरधनी , |
| श्री शालिकराम घिमिरे | शेयरधनी |
| श्री कृष्ण बहादुर घिमिर | शेयरधनी |
| श्री सुरेन्द्र कुँवर | शेयरधनी |

| | |
|---|---|
| श्री तिर्थराज हमाल | शेयरधनी (विधुतीय माध्यमबाट) |
| श्री रगुन मर्हजन | शेयरधनी |
| श्री शिव प्रसाद डाँगी | शेयरधनी (विधुतीय माध्यमबाट) |
| श्री युगान्त खाँड | शेयरधनी (विधुतीय माध्यमबाट) |
| श्री प्रदिप ढकाल | शेयरधनी |
| श्री सुदिन लम्साल | शेयरधनि |
| श्री रितिका अग्रवाल | शेयरधनि |
| श्री शिव प्रसाद पौडेल | शेयरधनी |
| श्री विनोद वज्राचार्य | शेयरधनी |
| श्री शत्रुधन श्रेष्ठ | शेयरधनी |
| श्री व्रम्हदेव शाक्य | शेयरधनी |
| श्री सुदिप श्रेष्ठ | शेयरधनि |
| श्री निरुपमा गुप्ता | शेयरधनि |
| श्री रिता श्रेष्ठ | शेयरधनि (विधुतीय माध्यमबाट) |

(इ) **पदाधिकारीको उपस्थिति :-**

| | |
|---|---|
| श्री गणेश जिरेल, प्रमुख कार्यकारी अधिकृत | युनियन हाइड्रोपावर लि. |
| श्री हरि वंश भण्डारी, कम्पनी सचिव | युनियन हाइड्रोपावर लि. |
| श्री शुशान नगरकोटी | लेखापरिक्षक |
| श्री बिजेन्द्र प्रधान | लक्ष्मी सन्राइज क्यापिटल लि.,शेयर रजिष्ट्रार |
| श्री प्रतिमा नेपाल | लक्ष्मी सन्राइज क्यापिटल लि.,शेयर रजिष्ट्रार |

(ई) **शेयरधनीहरुको उपस्थिति :**

१. स्वंयम उपस्थिति २०० जना

२. प्रतिनिधी तथा बिद्युतिय माध्यम Virtual (Zoom App.)द्वारा उपस्थित ३८६ जना ।

(ग) **सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु :**

**साधारण.सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए :**

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्विकृत गर्ने सम्बन्धमा ।

२ लेखा परीक्षणको प्रतिवेदन सहित आ.व.२०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु माथी छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३. आ.व.२०८२/०८३ को लागि लेखापरिक्षकको नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।

४ संचालक समितिको गठन सम्वन्धमा ।

५ कम्पनी प्रवन्ध पत्र तथा नियमावली संशोधन सम्वन्धमा ।

६ विविध ।

UNION HYDROPOWER LIMITED * Lalitpur *

१. गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | स्वय: उपस्थित शेयर कित्ता | प्रतिनिधि तथा Zoom बाट उपस्थीत | जम्मा उपस्थिति | शेयरकोअनुपातमा प्रतिनिधित्वको उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|
| शेयर कित्ता संख्या | ११२०३५० | २८४५२३५ | ३९६५५८५ | ५२.८७ |

२. **सभाको वैधानिकता:**

वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन,२०६३ तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसारको गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा भौतिक रुपमा उपस्थित शेयरधनीहरु तथा प्रविधिको प्रयोग गरी (Zoom App)प्रयोग गरी उपस्थित हुनु भएका शेयरधनि महानुभावहरुबाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक सञ्चालन गर्ने निर्णय भयो । यस वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराईयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

३. **सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल:**

विषय सूची अनुसार वार्षिक साधारण सभाको कार्यक्रम सञ्चालन भएपछि सञ्चालक समितिका अध्यक्ष श्री रामजि प्रसाद कोइरालाज्युले कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत्पश्चात अध्यक्षज्युले सञ्चालक समितिका तर्फबाट आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्युबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि सो प्रतिवेदन तथा उहाँहरुलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को आर्थिक विवरणमा ( २०८२ साल आषाढ मसान्तको वासलात तथा आ.व.२०८१/०८२ को नाफा/(नोक्सान) हिसाब र नगद प्रवाह विवरण समेत) मा आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरु महानुभावहरुलाई अनुरोध गरिएकोमा निम्न सेयरधनीहरुले निम्नानुसारको राय, प्रतिक्रिया तथा सुझाव दिनु भएको थियो ।

१ ब्रम्हदेव शाक्य :-

नेपालमा रहेको आर्थिक विषम परिस्थितीका वावजुत पनि कम्पनीले आफ्नो उत्पादन तथा प्रशारण क्षमतामा कमी हुन नदिनका लागी सव-स्टेशन निर्माण लगायतका अन्य कार्य गरी अगाडी वढी रहेको साथै कम्पनीको विविध विषयमा सहज वनाउदै वार्षिक साधारण सभामा शेयरहोल्डरहरुको भौतिक उपस्थिती तथा प्रविधिको भर मग्दुर प्रयोगको माध्यमवाट वार्षिक साधारण सभा गर्न सफल हुनु भएको हुँदा संचालक समितिलाई धन्यवाद दिदै आगामी वार्षिक साधारण सभा पनि यसै गरी निधारित समयमा गर्नका लागी पहल गर्न कर्मचारी तथा संचालक समितिलाई अनुरोध गदर्छु । साथै यस कम्पनीले यस आ.व.मा ऋण चुक्ता गरी केही नाफा कमाउन समेत सफल भएको अवस्था हुँदा आगामी वर्षमा राम्रो वोनस दिने गरी काम अगाडी वढाउनका हाल कायम हुन आएको नयाँ संचालक समितिलाई शुभकामना व्यक्त गर्न चाहान्छु ।

२ सुदिप श्रेष्ठ :-.

यस वार्षिक साधारण सभामा मेरा भनाई राख्ने मौका दिनु भएकोमा यस सधाका अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै आगामी वार्षिक साधारण सभामा वोनस दिन सकिने गरी काम गरी रहेकोमा धन्यवाद दिन चाहान्छु । वार्षिक साधारण सभा समयमा गर्न सफल हुन भएकोमा थप धन्यवाद दिन चाहान्छु । नयाँ आयोजनाको काम अगाडी वढाई सोवाट हुने आम्दानीवाट शेयरहाधनी महानुभावहरुलाई चाडो वोनस दिने प्रयासमा लाग्नुका भएकोमा संचालक समितिलाई शुभकामना व्यक्त गर्न चाहान्छु । साथै यस कम्पनीको ऋण चुक्ता गरी अगाडी वढेको भन्ने सुन्नमा आएको हुँदा हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । र नयाँ संचालक समितिलाई शुभकामना दिन चाहान्छु ।

३ निरुपमा गुप्ता :-

यस कम्पनीको १९औ वार्षिक साधारण सभामा मेरो आफ्नो भनाई राख्ने मौका दिनु भएकोमा सभाअध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै कम्पनीको स्तर उन्नतीको लागी संचालक समितिले अन्य दुई आयोजनामा लगानी गरी काम गरी रहेकोमा धन्यवाद दिने र आयोजना रहेको स्थानमा रहेको खाली जग्गा कम्पनीको आर्थिक उन्नतीको लागी प्रयोग गरीयोस् ।

UNION HYDROPOWER LIMITED • Lalitpur

४ लक्ष्मण बहादुर श्रेष्ठ :-

यस कम्पनीको १९औं वार्षिक साधारण सभामा मेरो आफ्नो भनाई राख्ने मौका दिनु भएकोमा सभा अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै आगामी वर्षको साधारण सभा मंसिर महिनामा गर्ने प्रयास गरीयोस ।

५ शत्रुधन श्रेष्ठ :-

यस वार्षिक साधारण सभामा मेरो भनाइ राख्ने मौका दिनु भएकोमा सभाका अध्यक्षज्यू लगायत संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । साथै यस वार्षिक साधारण सभा समयमा गर्नु भएकोमा धन्यबाद दिदै । लगानीकर्ताहरुले लाभांशको लागि नै लगानी गर्ने भएकाले त्यसको लागि योजना बनाई अगाडी बढ्न सुझाव दिन चाहन्छु ।

६ भेषराज भण्डारी :-

यस वार्षिक साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा सभाका अध्यक्षज्यू लगायत संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । साथै यस वार्षिक साधारण सभा समयमा गर्नु भएकोमा धन्यबाद दिदै । लगानीकर्ताहरुले लाभांशको लागि नै लगानी गर्ने भएकाले त्यसको लागि योजना बनाई अगाडी बढ्न सुझाव दिन चाहन्छु ।

३ **संचालक समितिका अध्यक्षज्युको जवाफ:**

यस वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले मन्तव्य राख्ने कममा राखेका जिगासाहरुलाई स्पष्ट गरीदिनका लागी सचालक समितीका अध्यक्ष श्री रामजि प्रसाद कोईरालाज्युलाई आग्रह गरीयो ।

अध्यक्ष श्री रामजि प्रसाद कोईराला :-

यस कम्पनीको १९औं वार्षिक साधारण सभामा भौतिक तथा प्रविधिको प्रयोग गरी virtual (Zoom App उपस्थित हुनु भएका सवैमा व्यहोरा विधितै छ । यसरी यस कम्पनीको १९औं वार्षिक साधारण सभामा सवै शेयरधनि महानुभावहरुको भौतिक उपस्थितीमा वार्षिक साधारण सभा यस कम्पनीका शेयरधनी माहानुभावहरुलाई स्वागत गरी साधारण सभा गर्न सफल भएकोमा सवैले धन्यवाद दिनु भएको यस कम्पनीको तर्फवाट र मेरो व्यक्तिगत तर्फवाट समेत सवै शेयरधनि महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु । साथै यस कम्पनीको सम्वन्धमा शेयरधनि महानुभावले राख्नु भएका जिज्ञासाको सम्वन्धमा यस कम्पनीले कम्पनीको शेयरधनीहरुको हितलाई ध्यानमा राखी छिटो भन्दा छिटो वोनस वितरणको व्यवस्था मिलाउने तथा कम्पनीको तर्फवाट गरी जिज्ञासाको समाधान गर्ने प्रयास गरीएको छ । यस कम्पनीको ऋण चुक्ता भुक्तान भएको हुँदा आगामी आ.व.देखि कम्पनीले केही न केही दिन सक्ने व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै कम्पनी निमन्त्रणालाई स्वीकार गरी आफ्नो समय तथा प्रविधिको प्रयोग गरी सहभागी भई कम्पनीको सम्वन्धमा सुझाव तथा जिज्ञासा राख्नुहुने सवैमा उच्च आदर सम्मानका साथ सवैलाई धन्यवाद दिन चाहान्छु ।

४. **प्रस्ताव तथा निर्णयहरु:**

**विषय सूचि अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय गऱ्यो:**

(१) सञ्चालक समितिको अध्यक्ष श्री रामजि प्रसाद कोइरालाज्यूले वार्षिक साधारण सभाको हलमा प्रस्तुत गर्नुभएको आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल भै त्यस उपर उठेका सुझाव एवं जिज्ञासाहरु सम्बन्धमा अध्यक्षज्युबाट स्पष्ट पारी सकिएको हुँदा उक्त प्रतिवेदन पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव सर्वसम्मतिबाट पारित गरीयो । साथै यसै कम्पनीको तर्फवाट प्रवद्धित कम्पनीहरुको हकमा यसै कम्पनीको आर्थिक लगानीमा अगाडी वढन सक्ने अवस्था नभएको कारण यस कम्पनीको समेत लगानी रहने गरी नयाँ लगानी कर्ताहरुलाई समेत मौका दिई परियोजना अगाडी वढाउनु पर्ने आवश्यकतालाई ध्यानमा राखी यस कम्पनीको आ.व.०८०/०८१ को १८ औ वार्षिक साधारण सभावाट लाइसेन्स हस्तान्तरणको गर्ने भनि निर्णय भई सोही वमोजिम काम अगाडी वढी सकेको अवस्था हुँदा सो हकमा थप उल्लेख गरी रहन पर्ने अवस्था नभएको व्यहोरा समेत सभा हलमा जानकारी गरान चाहान्छु ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८२ साल आषाढ मसान्तको वासलात र आ.व.२०८१/०८२ को नाफा/(नोक्सान) हिसाब तथा नगद प्रवाह बिवरण सहितको आर्थिक बिवरणहरु वार्षिक साधारण सभाको विषय सूचीसंगै शेयरधनी महानुभावहरुलाई उपलब्ध गराइएको र उक्त वासलात, नाफा,नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण सहितको आ.व.२०८१/०८२ को आर्थिक विवरण उपर

४. प्रस्ताव तथा निर्णयहरु: छलफल भई उठेका जिज्ञासाहरुलाई स्पष्ट गर्ने कार्य पनि सकिएकाले उक्त आर्थिक प्रतिवेदन पारितको

लागी कम्पनीको तर्फवाट कम्पनी सचिवबाट सभा समक्ष प्रस्ताव प्रस्तुत गरिएकोमा सभाबाट उक्त आर्थिक बिवरणहरु सहितको लेखा परिक्षण प्रतिवेदन सर्वसम्मतिबाट पारित गरीयो ।

(३) कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम सोही ऐन बमोजिम संचालक समितिवाट लेखापरीक्षकको नियुक्ति सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै संचालक समितिको तर्फबाट कम्पनीको आ.व. २०८२/०८३ को हिसाब किताव लेखापरीक्षण गर्न लेखापरीक्षक श्री नगरकोटी शुशान एण्ड एसोसियट्स,चार्टड एकाउण्टेन्ट्स (Nagarkoti Susan & Associates, Chartered Accountants ) सस्थालाई नियुक्त गरीयोस भनि कम्पनीको तर्फवाट सञ्चालक अध्यक्ष श्री रामजि प्रसाद कोइरालाज्युले सभा समक्ष प्रस्तुत गर्नु भएको प्रस्ताव सर्व-सम्वत रुपमा पारित गरियो । र निज लेखापरीक्षक श्री नगरकोटी शुशान एण्ड एसोसियट्स,चार्टड एकाउण्टेन्ट्स (Nagarkoti Susan & Associates, Chartered Accountants ) लाई नियुक्त गरी लेखापरीक्षण शुल्क (पारिश्रमिक) संचालक समितिले तोके वमोजिम हुने गरी निर्णय समेत गरीयो ।

४) कम्पनीको हाल रहेको संचालक समितिको कार्यकाल समाप्त भएकाले कम्पनीको कारोबार अगाडी वढाउनका लागी नयाँ संचालक समितिको निर्वाचन गर्नका लागी अधिवक्ता सुरेन्द्र कुँवरलाई निर्वाचन अधिकृत तोकी निर्वाचन गराउने जिम्मेवारी दिए अनुसार यस वार्षिक साधारण सभामा निर्वाचन सम्वन्धी सम्पुर्ण कानूनी प्रक्रिया अगाडी वढाई निर्वाचन गराउदा एक पदमा एक जना भन्दा बढिको मनोनय पत्र दर्ता नभएको कारण ६ जनाको कार्य समितिको लागी ६ जना मात्रको उमेदवारी परेको र एक जना विज्ञ संचालकको रुपमा समेत १ जनाको नाम प्रस्तावित भएको हुँदा सोही वमोजिम हुने गरी देहाय वमोजिमको पदमा देहाय वमोजिम निर्विरोध निर्वाचित भएको भनि निर्वाचन अधिकृतवाट प्राप्त भएको निर्वाचनको परिणम अनुसार देहाय वमोजिमको कार्य समितीको अभिलेखको लागी कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय गरीयो ।

<u>देहाय</u>

| | |
|---|---|
| १. श्री अभिज्ञा मल्ल | अध्यक्ष |
| २. श्री हरि प्रसाद पराजुली | संचालक |
| ३ श्री कृष्ण बहादुर घिमिरे | संचालक, |
| ४ श्री प्रदिप ढकाल | संचालक |
| ५ श्री सुदिन लम्साल | संचालक |
| ६ श्री रितिका अग्रवाल | संचालक |
| ७ श्री सुवास ढकाल | स्वतन्त्र संचालक |

५. यस कम्पनीको हाल रहेको ल.पु.जि.ल.पु.म.न.पा.वडा नं ३ धोविघाटमा कार्यालय रहेकोमा उक्त स्थानवाट कारोवार् संचालन गर्न व्यवहारिक कठिनाई परेको र अन्य कम्पनीको समेत एकै ठाउमा अफिस राखी संचालन गर्ने उद्देश्यले यस कम्पनीको ठेगानामा संशोधन गरी का.जि.का.म.न.पा.वडा नं १ नक्सालमा लैजानका लागी कम्पनीको ठेगाना परिवंतन गरीयोस भनि कम्पनीको तर्फवाट अध्यक्षज्युले कम्पनीको वार्षिक साधारण सभा समक्ष पेश गरेको विशेष प्रस्ताव कम्पनीको वार्षिक साधारण सभा समक्ष पेश हुँदा वार्षिक साधारण सभा हलवाट उक्त कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न दिने गरी देहाय बमोजिम कम्पनीको प्रबन्ध पत्रको दफा २ तथा नियमावलीको नियम २ मा संशोधन गर्ने निर्णय गरी सोको अभिलेखको लागि कम्पनीको रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय गरियो ।

देहाय

*<u>कम्पनीको प्रबन्ध पत्रको दफा २ मा भएको संशोधन सम्बन्धमा ।</u>*

२ कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना:- यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय का.जि.का.म.न.पा.वडा नं १ मा मुख्य कार्यालय रहने छ । साथै यसको कारोबार गर्ने स्थान लमजुङ्ग जिल्ला करापु गा.वि.स.स्थित मिदिम खोलामा रहनेछ ।

Abhigya

HYDROPOWER LIMITED UNION Lalitpur

*कम्पनीको नियमावलीको नियम २ मा भएको संशोधन सम्बन्धमा ।*

२ कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगानाः- यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय का.जि.का.म.न.पा.वडा नं १ मा मुख्य कार्यालय रहने छ । साथै यसको कारोबार गर्ने स्थान लमजुङ्ग जिल्ला करापु गा.वि.स.स्थित मिदिम खोलामा रहनेछ ।

६) विविध ।

विविध उपर छलफल हुँदा यस कम्पनीको सत्रौ वार्षिक साधारण सभावाट पारित, अठारौ वार्षिक साधारण सभामा समेत अनुमोदन तथा छलफल गरिएको सोलुखुम्बु जिल्लामा अवस्थित २८.९ मे.वा क्षमताको होंगु खोला जलविधुत आयोजनाको विधुत सम्बन्धी अनुमतिपत्र श्री युनियन उर्जा डेभलपर्स लिमिटेडमा हस्तान्तरण कार्य अन्तर्गत श्री विधुत नियमन आयोगवाट मिति २०८२/०९/०९ गतेको पत्र मार्फत सहमति समेत प्राप्त भइ सकेको हुँदा सो अनुमतिपत्र हस्तान्तरणको कार्य यथासिघ्र सम्पन्न गरि आयोजना विकास सम्बन्धी कार्य तर्फ अगाडी बढ्ने निर्णय गरियो ।

साथै अठारौ वार्षिक साधारण सभावाट पारित ६० मे.वा. क्षमताको ताप्लेजुंग जिल्लामा अवस्थित माथिल्लो तमोर ए जलविधुत आयोजनाको विधुत सम्बन्धी अनुमतिपत्र हस्तान्तरण गर्न तमोर कन्चंजंगा हाइड्रो लिमिटेड स्थापना भइ अनुमतिपत्र ग्रहण गरि लिने निर्णय सो कम्पनीको पहिलो वार्षिक साधारण सभावाट समेत पारित भएकोले हस्तान्तरण तथा ग्रहणको कार्य गरिएकोमा श्री विधुत नियमन आयोगको मिति २०८२/०९/२० को २९५ औ वैठकवाट निर्णय समेत भइ सकेको हुँदा सो अनुमतिपत्र हस्तान्तरणको कार्य यथासिघ्र सम्पन्न गरि आयोजना विकास सम्बन्धी कार्य तर्फ अगाडी बढ्ने निर्णय गरियो ।

सो सम्बन्धमा यी दुवै आयोजनाहरुको विधुत नियमन आयोग, विधुत विकास विभाग, नेपाल विधुत प्राधिकरण, स्थानीय निकाय, वन तथा वातावरण मन्त्रालय र सो अन्तर्गत रहेका कार्यालयहरु, मकालु वरुण राष्ट्रिय निकुन्ज, उद्योग मन्त्रालय अन्तर्गतका कार्यालय तथा विभागहरु लगायत सम्पूर्ण आवस्यक निकायहरुमा कम्पनीको तर्फवाट जुनसुकै निर्णय तथा आवश्यक कार्यहरुको लागि अध्यक्ष ज्युलाई अख्तियारी दिने समेत निर्णय गरियो । साथै आयोजनालाइ थप आवश्यक पर्ने अध्ययन, निर्णय तथा कार्यान्वयन गर्न अध्यक्ष ज्युलाई पूर्ण अधिकार प्रदान गर्ने सभाबाट सर्वसम्मतिले पारित गरियो ।

कम्पनीको वार्षिक साधारण सभामा छलफलका अन्य विषय वस्तु नभएकाले साधारण सभा समापन गरी दिनका लागी अध्यक्षज्युलाई अनुरोध गर्ने र माइन्युट प्रमाणित गर्नका लागी हाल निर्वाचित कम्पनीको अध्यक्ष श्री अभिज्ञा मल्लज्यु र कम्पनी सचिवलाई अख्तियारी दिने निर्णय समेत गरीयो ।

५. **वार्षिक साधारण सभाको समापनः**

कम्पनी सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले शेयरधनी महानुभावहरले दिनु भएका रचनात्मक सुझाव र सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा सवैमा धन्यवाद दिँदै शेयरधनी महानुभावहरुको सल्लाह र सुझाव अनुसार कम्पनीले आफ्नो कार्यमा क्रमशः सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सुचारु रुपले सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुनः सवै संचालक शेयरधनि महानुभाव तथा कर्मचारीहरु सवैलाई धन्यवाद दिँदै सभा समापन भएको घोषणा गरीयो ।

(हरिवंश भण्डारी)
कम्पनी सचिव

अभिज्ञा मल्ल
अध्यक्ष

UNION HYDROPOWER LIMITED · Lalitpur